कीर्तिपुरको चित्रण

का. जि. प्र. का दर्ता नं. २११ –२०६८/०६९

# कीर्तिपुर सन्देश

साप्ताहिक

KIRTIPUR SANDESH WEEKLY

वर्ष ३ अंक १०९ ने. सं. ११३३ गुंलागा चतुर्दशी बुधवाः २०७० भाद्र १९ गते बुधवार (Sep -4 2013) मुल्य : ५/– (न्यातका)

# क्षेत्र नं. १० का लागि को को सिफारिस भए ?

## सन्दर्भः चुनावी उम्मेदवार

मंसिर ४ गते हुने भनिएको संविधान सभाको दोस्रो चुनाव हुने नहुने अन्यौलता कायमै छ। ने.क.पा–माओवादी सहित ३३ दलीय मोर्चा र सघीय समाजवादी पार्टीले यथास्थितिमा चुनावमा भाग नलिने भनेर आन्दोलन गरिरहेका छन । अहिले चुनाव पक्षधर पार्टीहरूले चुनावको लागि कसलाई टिकट दिने सिफारिस गर्न आफ्ना क्षेत्रीय कमितिहरूलाई आदेश दिए बमोजिम काठमाडौं क्षेत्र नं.१० बाट भाद्र १६ गते आइतवारसम्म उम्मेदवारहरूको नामावली सम्बन्धित जिल्ला कमिटिहरूमा पठाई सकेका छन । उम्मेदवार हरूको नाम सिफारिस भएपछि टिकट कसले पाउँछ ? कसले टिकट पाए पार्टीको अवस्था कस्तो हुन्छ भन्ने अड्कलबाजी सुरु भइसकेका छन ।

नेपाली कांग्रेस १० नं. क्षेत्रीय समितिले राजन के.सी., राजकुमार नकर्मि र घनश्याम गिरीको नाम सिफारिस गरेर पठाइसकेको छ । के.सी.ले गत संविधानसभाको चुनावमा प्रचण्ड विरुद्ध उम्मेदवार भइ पराजित भए पनि सम्मानजनक दोस्रो नम्बरमा मत ल्याएको थियो। कांग्रेसले नाम सिफारिस गरेको बेलासम्म प्रचण्डले यस क्षेत्रबाट चुनाव लड्दैन भन्ने आंकलन थियो । प्रचण्ड नउठेमा कांग्रेसले जित्ने सम्भावना देखेर उम्मेदवार बन्न सबै आत्तुर थिए। संधै एकजनालाई मात्र टिकट दिनु हुँदैन, मौका सबैले पाउनु पर्छ भनेर नकर्मिको दावी छ । के.सी.को दक्षिण क्षेत्रमा प्रभाव छ भने नकर्मिको कीर्तिपुर क्षेत्रमा प्रभाव छ। त्यस्तै पार्टीले टिकट दिएमा आफू पछि नहट्ने भन्दै गिरीले पनि दावी गरेको कुरा कांग्रेसका एक कार्यकर्ताले *कीर्तिपुर सन्देश*लाई जानकारी दिनु भएको छ । उहाँको दावी अनुसार कीर्तिपुर पश्चिम क्षेत्रको ६ वटा गाविसमा गिरीको राम्रो पकड छ। यसरी तिनै जनाको आफ्नो क्षेत्रमा पकड बलियो भएकोले तिनैजनाले उम्मेदवारी दावी गरेका हुन । कांग्रेसमा प्रकाशमान गुट र तिर्थराम (शेरवहादुर) गुट अझै कायम छ । जसको गुट बलियो हुन्छ उसैले टिकट पाउने छ। त्यस्तो अवस्थामा एकले अर्काको अन्तरघात नगरी तिनैजना दावेदार मिलेर गएमा कांग्रेसले जित्ने सम्भावना रहेको दावी गरेको छ। त्यसै गरि नेकपा एमाले क्षेत्र नं. १० का कार्यकर्ताहरू पुष्पलाल पार्कमा भेला भई प्रत्यक्ष तर्फबाट तीनजनाको नाम सिफारिस गरिएको छ। पहिलो संविधानसभाका उम्मेदवार सानु श्रेष्ठ मच्छेगाउँ छाडी कोटेश्वरमा बस्न गएकोले उहाँले उम्मेदवार को दावी नगरेको एक एमाले कार्यकर्ताले जानकारी दिनुभयो । कीर्तिपुर नगरपालिकाको तर्फबाट नगर अध्यक्ष सुरेन्द्र मानन्धर, कीर्तिपुर दक्षिणतर्फबाट जिल्ला कमिति सदस्य गुञ्जमान बस्नेत र कीर्तिपुर पश्चिमतर्फबाट उर्मिला कर्माचार्यको नाम सिफारिस गरिएको छ । मानन्धरले एमालेको गत २०६७ सालको जिल्ला अधिवेशनमा उपसचिवको उम्मेदवारी दिंदा भारी मतले पराजित भएको थियो । २०६८ सालमा क्षेत्र नं. १० बाट राष्ट्रिय प्रतिनिधि परिषद सदस्यमा चुनाव लड्दा सानु श्रेष्ठबाट हार खाएको थियो । त्यसपछि मानन्धर नगर कमितिको अध्यक्ष बन्नु भएको थियो । वस्नेत कीर्तिपुर दक्षिण क्षेत्र सेतीदेवी गा.वि.स.को हुनुहुन्छ। उहाँ २०५४ सालदेखि लगातार ४ पदावधि जिल्ला कमिति सदस्यमा निर्वाचित हुनु भएको छ। काठमाडौं जिल्ला विकास समितिको सदस्यमा पनि निर्वाचित हुनु भएको थियो। पार्टीमा बरिष्ठताको आधारमा उहाँ मानन्धर भन्दा निकै माथि रहेको छ। यसपाली आफूले मौका पाउनु पर्ने उहाँको दावी रहेको छ। कर्माचार्य सतुंगलको हुनुहुन्छ। उहाँ युवासंघको केन्द्रिय सदस्य रही काम गरी सक्नु भएको छ । उहाँको श्रीमान सुमन श्रेष्ठ पनि युवासंघको हुनुहुन्छ। महिलाले पनि मौका पाउनु पर्छ भनी रमा आलेमगर र बेलीमाया घलेले आवाज उठाएपछि कर्माचार्यको नाम सिफारिस गर्न बाध्य भएको एमालेका एक कार्यकर्ताले बताएका छन् । उहाँका अनुसार मानन्धर झलनाथ खनालको गुटमा रहेको छ भने बस्नेत केपी ओली गुटको हुनुहुन्छ । कर्माचार्य माधव नेपाल गुटको हुनुहुन्छ। अहिले नाम सिफारिस गरेर पठाए पनि कसले टिकट पाउने हो ठेगान छैन । जिल्ला कमितिले निर्णय गर्ने हो । जिल्ला कमितिमा ओलीको गुट बलियो भएको र बरिष्ठताको आधारमा गुञ्जमान सिंह वस्नेतले टिकट पाउने सम्भावना रहेको छ भने ३३ प्रतिशत महिला सिटको निश्चितता गर्नको लागि उर्मिला कर्माचार्यले टिकट पाउने सम्भावना पनि त्यतिकै छ । संघीय समाजवादी पार्टीले चुनाव लड्ने नलड्ने ठेगान छैन । यदि चुनाव लडेमा सतुंगलका रमेश चन्द्र प्रधान निश्चित प्रायः नै रहेको छ । यदि उहाँले चुनाव लड्नु भयो भने पहिचान पक्षधरले उहाँलाई नै मत दिने सम्भावना रहेको छ । नेपाली कांग्रेस, एमालेका थुप्रै मत उहाँको पक्षमा जाने सम्भावना रहेको छ। यदि घनश्याम गिरीले टिकट पाएन भने, दक्षिण भेगमा गुञ्जमानले टिकट पाएन भने प्रचण्डलाई टक्कर दिने व्यक्ति उहाँ नै हुने अड्कल गरिरहेका छन । संघीय समाजवादी पार्टीको तर्फबाट टिकट लिने सम्भावना रहेका सतुंगलका रमेशचन्द्र प्रधान विगतमा नेपाली कांग्रेसका कार्यकर्ता थियो भने पछिल्लो समयमा स्पष्ट रुपमा पहिचनको मुद्दा उठाउँदै आएको संघीय समाजवादी पार्टीमा लाग्नु भएको हो। प्रधान सो पार्टीका केन्द्रीय सदस्य समेत हुनुहुन्छ। नेकपा–माओवादीले चुनावमा भाग लिएन भने उसका कार्यकर्ताले पहिचान पक्षधर प्रधानलाई सघाउने सम्भावना रहेको विश्लेषण गर्न थालेका छन्।

यसै वीच एकीकृत माओवादीवाट पुनः अध्यक्ष प्रचण्ड नै यस क्षेत्रवाट चुनावमा उठ्ने चर्चा चल्न थालेको छ ।

यहाँ जाँड-रक्सी, चुरोट, गाँजा तथा ड्रग्सको कुलत छुटाउने विशुद्ध जडिबुटी पाईन्छ । सम्पर्कः– फिट्नेस प्वाइन्ट ट्रेडिङ्ग, फोन ४३३६७०१,९८०३५०२२५९

**माननिय अर्थमन्त्री श्री शंकर कोईरालाज्यूले बजेत भाषण मार्फत बक्तब्यमा कमोडिटिज् बजारको नियमन हुने घोषणा गरिसकेको परिपेक्ष्यमा**

घरजग्गा
शेयर
पछिको नयाँलगानीकोक्षेत्र
कमोडिटी बजार

**Vacancy**
**Traders: 20Nos**
**Qualification:**
**BBA,BBS,MBA,MBSFreshers.**

विस्तृत जानकारीको लागि
ग्लोबेक्स् कमोडिटिज एण्ड डेरिभेटिभ सर्भिसेज प्रा.लि.
नयाँबजार, कीर्तिपुर, फोन ४३३४२३५

**कोरियन भाषाकक्षाहरु**
**धमाधम सञ्चालन**

प्रशिक्षकहरुः
दक्ष, अनुभवी, वरिष्ठ र अनुवादक

विगतवर्षहरुका विद्यार्थीहरुले १००%
नतिजा ल्याउन सफल

***Our Services:***
- All students are given a copy of the ***New Korean Course Book*** and ***Self Study Book*** and ***CDs*** Listening practice
- The courses provide guidance and practice in all aspects of Korean Learning [Speaking, listening, reading, writing]
- The course focuses on the exam techniques required to succeed at EPS-TOPIK or class time is mostly devoted to speaking and communication practice and reading and writing tasks are set as homework
- Self study tests are available at Valley Institute, Kirtipur & Bagbazar & Power Point facilities [Projector Classes]
- After course Complete, there is Bonus classes or Revision classes with Exam Tips

**VALLEY INSTITUTE**
**Time: Morning, Day & Evening**
**Ph: 01-4332509/9849421216**
**Near Kirtipur New Gate**

कानुनी सल्लाहकार
ज्ञानबहादुर महर्जन
प्रकाशक/
नजरराम महर्जन
सम्पादक
श्रीकृष्ण महर्जन
प्रवन्धक
निरजमान सिंह

व्यवस्थापन
भरत महर्जन, सनम श्रेष्ठ
वेभसाइट व्यवस्थापन
राज श्रेष्ठ
प्रेसः शर्मीला प्रिन्टर्स, डल्लु, काठमाण्डौं
कार्यालयः निखासी टोलः कीर्तिपुर नपा-३
फोन नं.: ४३३३००७, ९८४१४०१०७७
kirtipur_sandesh@live.com
http://kirtipursandesh.blogspot.com
काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

## सम्पादकीय

# कतै चुनाव नै द्वन्द्वको विउ हुने त हैन ?

**आउँदो संविधानसभाको चुनावका लागि भनी उच्चस्तरीय राजनीतिक समितिमा सहभागी दलका नेताहरुले तयारी गरेका छन् भने विरोधमा उत्रेका दलहरुले पनि आ–आफ्नै ढंगवाट तयारीमा लागेका छन् ।**

**विरोधमा रहेका ३३ दलीय मोर्चाको तर्फवाट नेकपा–माओवादीले युवा दस्ता तयार गर्ने र चुनावलाई ध्वंस पार्ने घोषणा गर्दै अभियानमा लागेको अवस्था छ । उता चुनाव पक्षधर एकीकृत माओवादीले पनि चुनाव विथोल्न आउनेलाई प्रतिकार गर्न वाइसिएललाई निर्देशन दिएको र बुथ बुथमा दस्ता राख्ने घोषणा गरिसकेको अवस्था छ । त्यसै गरि कांग्रेसले पनि चुनाव विरोधीलाई तह लगाउन कार्यकर्ताहरुको दस्ता बनाउने घोषणा गरिसकेको छ भने एमालेले पनि युथ फोर्सलाई परिचालन गर्ने घोषणा गरिसकेको अवस्था छ । चुनाव हुने वा नहुने भन्ने विषयमा जनता अन्यौल रहेको वर्तमान अवस्थामा चुनाव पक्षधर र विपक्षले आ–आफ्नो दस्ता तयार गरि बुथ बुथमा राख्ने घोषणाका कारण जनता झन आतंकित भएका छन् ।**

**अब चुनाव भई हालेतापनि दलका युवा दस्ताहरु कतै भिडन्त हुने त हैन भनी प्रश्न गर्न थालेका छन् । यसको अर्थ कतै चुनाववाटै मुलुकमा अर्को द्वन्द्व सृर्जना हुने हो कि भनी स्वयं नेताहरुले समयमै विचार पुर्‍याउनुपर्ने अवस्था आएको छ । अन्यथा जनता चुनाव देखि अझ बढि आतंकित हुने कुरामा कसैको पनि दुई मत नहोला ।**

# गजल सौरभया

**गजल-२०**

गात ! गात ! अप्वः जुल खेल सत्ताया
नेताय् सं छाय् यानाच्वन झेल सत्ताया ।

म्यादे ज्वरं थुरु थुरु खात स्वले देश
अझनं क्वमचानि कासाः खेल सत्ताया ।

दलिय स्वार्थय् दाउपेच राजनीति तःक्यना
ग्व ! गुबले जुइ सहमति मेल सत्ताया ।

मदु, मचा, थिकेलं दुगाःक्वँय् त्वधुल जनताया
[redacted] ।

[redacted] न्हियाबलें कुँ मि घु[redacted] न्हाँ !
[redacted] नेताजुपिं ! यग्गानाच्वँगु दु[redacted] ।

[redacted] मुरु दनेमाल ह[redacted] सकलें
[redacted] वइच्वन स्वले[redacted] ।

# म यसकारण भोट हाल्दिन

**हरिश्चन्द्र खानिया**

चार/पाँच घण्टा हिँडेर लाइनमा उभिएर कागजमा छाप लगाउन मलाई फुर्सद छैन । विना अर्थ नङ रंगाउन मलाई कुनै रहर छैन । तँछाडमछाड झेलेर सकि नसकी कागजमा छाप लगाएर मैले के पाउँछु र ! नङमा लगाएको मसीले मेरो भोक मार्दैन । भोट दिएर मेरो भोकमरि टर्दैन, अनि किन दिने मैले कसैलाई भोट ?

अहिलेसम्म के पाएँ र ? बरु गुमाएँ मात्रै । दिनभरिको काम थाती राखें । जीवनका अमूल्य केही घण्टा खेर फालें । मैले भोट हालेको मान्छेले न देशका लागि काम गर्‍यो, न जनताका लागि नै केही गर्‍यो ! केवल बन्यो त ऊ आफै । हिजो चप्पल लगाउँथ्यो, आज सूटबुट लगाउँछ । हिजो काठमाडौं आउँदा आफन्तको कोठामा शरण मागेर सुत्थ्यो त आज बिसौं हजार तिरेर फ्लाटमा विराजमान भएको छ । हिजो सार्वजनिक माइक्रोबस र टयाम्पो कुर्थ्यो, आज पजेरोमा हुइँकिन्छ । कसैसँग कुरा गर्न सार्वजनिक पिसिओ खोज्दै हिँड्थ्यो, आज विश्वको महंगो एप्पलको मोबाइल चलाउँछ । आखिर मेरो भोटले उसलाई बनायो, मलाई के बनायो ? मलाई के दियो ? समाजलाई के दियो ? राष्ट्रलाई के दियो ? ती जनता जो हिजो खाईनखाई, घण्टौं खालि खुट्टा हिँडेर भोट हाल्न गए, आज के पाए ? जहाँका त्यहीं छन् भोट हाल्नेहरू तर भोट माग्नेहरू र पाउनेहरूले छलाङ मारे । आफू बने । आफन्त बनाए र पुस्तौंपुस्ताका लागि जोहो गरे । अब पनि मैले किन तिनैलाई बनाउन भोट हाल्ने ?

कोही भोट हाल भनेर आउँछ भने यी प्रश्नको जवाफसहित आओस् र मेरो चित्त बुझाओस् अनि बल्ल भोटका कुरा गरौंला ।

कसैको स्वार्थसिद्धका लागि मेरो महत्वपूर्ण जीवनको कर्मशील एउटा दिन किन खेर फाल्ने ? त्यसको सट्टा म गोरु चराउन जान्छु, खेती लाउँदा काम लाग्छ । बाख्रा चराउन जान्छु, बेचेर नुनतेल किन्न पुग्छ । म खेतबारी गोडमेल गर्न जान्छु मलाई दुई छाक जोहो गर्न मद्दत हुन्छ । मेरो केही नै काम छैन भने आफन्तकहाँ सहयोग गर्न जान्छु । अप्ठेरो पर्दा गुहार्दा केही सहयोग पाउँला । आफन्तकहाँ पनि केही काम भएन भने छरछिमेकमा काम गर्न जान्छु । मर्दापर्दा काम लाग्लान् । चुल्है जलेन भने ऐंचोपैंचो त दिन्छन् । त्यति पनि भएन भने सुतेर बस्छु । अघिल्लो दिनको थकाइ त मर्छ र शरीरलाई एक छिन भए पनि आराम मिल्छ ।

यसो गरें भने मैले कुनै तनाव भोग्नु पर्दैन । कसैको आशा पनि गर्नु पर्दैन । कसैको भरोसा पनि पर्नु पर्दैन । मलाई कसैलाई भोट दिएर दुःखी बन्नु छैन । किनकी कसैलाई केही दिंदा आशा लाग्छ र त्यो आशा पूरा नहुँदा मनमा निराशा छाउँछ । त्यसले एक छिन भए पनि दुःखी बनाउँछ । त्यो दुःखका कारण धेरै दिनसम्म तनाव झेल्नुपर्छ । यसरी अनायासै भोग्नु परेको तनावले स्वास्थ्यमा नकारात्मक असर गर्छ । दैनिकीमा गडबड आउँछ । अब भन्नुहोस्, नदुखेको टाउको किन दुखाउनु भोट हालेर ?

यो बेकारको नाटकमा म नकच्चरो पात्र बन्नु छैन । जति बनें बनिसकें । जति दिनु भोट दिइसकें । यो नौटंकी देख्नु नपरे पनि हुन्थ्यो जस्तो लाग्छ मलाई । यी वाहियात फतफत कहिल्यै सुन्न नपरे हुन्थ्यो लाग्छ । किनकी मैले देखिसकें नेताको हैसियत, भोटको मूल्य पनि देखिसकें । मैले भोगिसकें मेरो भोटले दिएको पीडा । अब म थेग्न सक्दिन क्या । मसँग मेरो भोटको जवाफ थेग्न सक्ने ताकत छैन ।

सहभागी त परै जाओस् यो भोट भन्ने शब्दै सुन्न नपरे हुन्थ्यो भन्ने त्यसै लागेको हैन मलाई । म लोकतन्त्र र प्रजातन्त्रको विरोधी हैन । म गणतन्त्रको विरोधी पनि हैन तर यी भुइँफुट्टाको बानी, व्यवहार र चरित्र मलाई मात्रै हैन, जनजनलाई थाहा भइसक्यो । हामीले केका लागि भोट दिने अब ? फेरि त्यही संविधानसभा जसले कहिल्यै संविधान बनाउँदैन । म ठोकुवा गरेर भन्छु पहिलो कुरा त संविधानसभाको चुनावै हुँदैन र चुनाव भइहाले पनि संविधान बन्दैन । किनकी यसभन्दा पहिले पनि त संविधानसभाको चुनाव भएकै थियो ।

चार वर्षसम्म पनि एउटा संविधान लेख्न सकिदैन र ? संविधानको खाकासमेत कोर्न सकेनन् । के एउटा संविधान बनाउन वर्षौं अपर्याप्त हुन्छ र ? ६०१ जना पनि अपर्याप्त थिए ? को छुटेका थिए र त्यो सभामा ? दलित थिए । महिला थिए । जनजाति थिए । आदिवासी थिए । तराइका थिए । पहाडका थिए । हिमालका पनि थिए । क्रान्तिकारी भनाउँदा थिए । खाँटी लोकतन्त्रवादी पनि थिए । मानव अधिकारका रक्षक हुँ भन्ने पनि थिए । जनताको असली मैमात्र हुँ भन्नेदेखि यो सबैखाले तन्त्र मन्त्रका मै हुँ भन्नेहरू सबै थिए । राजावादी पनि थिए । सबै वादी थिए । तर कसैले पनि माखो मारेनन् । मजस्तै श्रमपसिना चुहाएर, रगत बगाएर तिरेका कर चुस्नेबाहेक केही गरेनन् । उल्टो मेरो, मेरो शाखा सन्तान र देशको नै भविष्य अन्धकार मा धकेलिदिए । अहिले फेरि केका लागि चुनाव ? अब मलाई ज्यूँदै खाल्टोमा हाल्न भोट दिने ? अब के नै छ र यिनले सपार्न सक्ने ? के त्यो समय फिर्ता ल्याउन सक्छन् ? के ती मानिसलाई ज्यूँदा बनाउन सक्छन् जसले परिवर्तनका लागि बलिदानी दिए ? अब मेरो ४५ वर्षको उमेर लाई ४० वर्षमा ल्याउन सक्छन् र ? जे हुनु भइसक्यो । कहिल्यै बिर्सन नसक्ने र माफी दिन नसक्ने गरी गल्ती गरिसके, अब फेरि पनि मैले त्यो भूल कहिल्यै दोहोर्‍याउने छैन । अब के बाँकी छ र जे हुन्छ त्यो त भई नै हाल्छ । बरु अब हुने सबै सहन सक्छु तर फेरि त्यो दिन देख्न चाहन्न र सक्दिन पनि । त्यसैले म भोट दिँदै दिन्न ।

मलाई लागेको छ अब तिनीहरुले फेरि मलाई भोट देऊ भनेर गाउँमा पस्न नसक्लान् किनकी उनीसँग अलिकति पनि इज्जत बचेको छ भने उसले त्यो भन्नै सक्दैन । कसरी आँट गर्न सक्छ । एउटा मान्छेले यस्तो कुरा । एक महिनामा गर्न सकिने कुराका लागि छ महिना, वर्ष दिन लम्बिन सक्छ तर २ वर्ष, ३ वर्ष, ४ वर्ष र अन्तिममा आफ्नै घर मा आगो लगाएर त कोही फेरि त्यसैका लागि मलाई भोट दे भन्न सक्ला र ? यदि त्यो ठाउँमा तपाईं हामी भएको भए के त्यसरी लाजै पचाएर फेरि कसैसँग केही माग्न सक्छौं र ? आफन्त त परै जाओस्, छरछिमेकमा पनि मुख देखाउन सक्दैनौं लाजले । अब यी नेताहरूले हामीसँग भोट देऊ भनेर आउन सक्लान र ? आइहाले भने मलाई एक पटक तिनको अनुहार हेर्न मन छ । कुन मुखले कसरी भन्दा रहेछन् । के शब्द प्रयोग गर्दा रहेछन् । भन्दा खेरीको हाउभाव कस्तो गर्छन् होला ! बोली निकाल्दा सद्दे मुखले बोल्न सक्लान् कि मुख बिग्रेला ! आँखामा आँखा जुधाएर हेर्न सक्लान् कि निहुरेर भन्लान् ! कसरी माग्लान् भोट !

मलाई राम्ररी थाहा छ, यिनले न संविधान बनाउँछन्, न देशको विकास नै गर्छन् । न जनताको मुक्ति नै चाहन्छन्, किनकी यी त वर्षे जुका हुन्, थाहै नपाउने गरी नानाथरी लोभ लालच देखाउँदै जनताको भोट लिन्छन् अनि सत्तामा पुगेपछि जनतालाई फर्की हेर्दैनन् । जनताको विकास त परै जाओस्, उल्टो देशलाई बेचेर खान्छन् । भूगोल बेचे, इतिहास बेचे, इमान बेचे, जमान बेचे । के बेच्न बाँकी छोडे र यिनीहरूले ? बचेखुचेको स्वाभिमान पनि बेचेर यतिबेला त नेपाली भनेपछि पत्याउँदैनन् विदेशीहरूले । आफ्नो देशको सम्भावना लत्याउँदै विदेशीको चर्पी सफा गर्न बाध्य पारिए नेपालीलाई । त्यो अरूले हैन । हाम्रै आफ्नैले । हाम्रै नेताले । जसलाई हामीले नेता बनायौं, उसैले हामीलाई गुलाम बनायो त्यो पनि विदेशीको । अनि म किन भोट दिउँ ? यो प्रायोजित चुनावको नाटक किन हेर्ने बेकारमा !

# कस्तो बिडम्बना !

**– गोपाल लामा**

कस्तो बिडम्बना जसले ताम्सालिङ बारे बुझेको छ उसले नेतृत्वदायी भूमिका निर्बाह गर्न सकेन र तामाङ नेताहरू पनि एक अर्कासँग नमिलेर ताम्सालिङ को आन्दोलनलाई माथि उठाउन सकेन अनि जसले बुझेको छैन ति सबै एमाले, कांग्रेसको पुच्छर बनेर एकोहोरो बिरोध गरिरहेको छ । जता हेरे पनि तामाङहरू सबैतिर विभाजित छन् र ताम्सालिङ बारे पनि अनभिज्ञ छन त्यसैले ताम्सालिङ प्रति सबैको गिद्दे नजर परेको छ । ताम्सालिङ हुने नै भए पनि तामाङहरूलाई विभाजित गरेर नाम मात्रको सामर्थ्य विहिन ताम्सालिङ बनाउने ठूलो षडयन्त्र गरिरहेको छ भित्र भित्रै सबै दलहरू तर बहुसंख्यक तामाङहरू ति कुरा प्रति बेखबर छन् । सांघुरो चेतनाको घेराहरू तोडेर बाहिर आउन सकिरहेको छैन तामाङहरू त्यसैले फेरि पनि इतिहासले दिएको स्वर्णिम अवसर लाई सहि सदुपयोग गर्नबाट चुक्दै छन् । जसको सिधा असर अब आउने तामाङ पुस्ताहरू माथि पर्नेछ र उनीहरू पनि हामी जस्तै गरीबी अवस्थामा विदेशतिर गुलामी गर्न बाध्य हुनेछन् । मेरो त आग्रह हो सम्पूर्ण तामाङहरूलाई कि आउनुहोस एक ठाउँमा गोलबद्ध भएर ताम्सालिङ प्राप्तिको लडाइमा सहभागी हौं अनि एउटा सुन्दर ताम्सालिङ प्रदेश निर्माण गरौं ताकि हामी मरेर गए पनि हाम्रो आउँदो सन्ततिहरूले हामी माथि गर्व गर्न सकोस् । यो आव्हान खाली तामाङहरूको लागि मात्र नभई ताम्सालिङ भूमिमा बस्ने तामाङ बाहेक अन्य सबै ताम्सालिङबासी हरूलाई पनि हो किनकी यदि ताम्सालिङ भूमिमा बस्ने तामाङ बाहेक अन्य सबै ताम्सालिङबासी हरूलाई पनि हो किनकी यदि ताम्सालिङ बन्यो भने सम्पूर्ण ताम्सालिङबासीको जीवन स्तर परिवर्तन हुनेछ । ताम्सालिङ विकास हुनु भनेको नेपाल विकास हुनु हो । त्यसैले त हामी भन्छौं नेपाल हाम्रो देश हो, ताम्सालिङ हाम्रो घर हो ।

# डायस् माओवादीद्वारा क्षेत्र नं १० मा गोलमेच सभाको औचित्य विषयक अन्तरक्रिया



"यथास्थितिमा चुनाव गर्नु भनेको देशलाई सिक्किमीकरणतिर लैजानु हो ।" नेकपा-माओवादीका नेता देव गुरुङ

गत भाद्र १५ गते नेकपा-माओवादी क्षेत्र नं.१०ले राष्ट्रिय स्वाधिनता र पहिचानसहितको संघीयताको निमित गोलमेचसभाको औचित्य विषयक अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको थियो । धनबहादुर महर्जनले सञ्चालन गर्नु भएको उक्त कार्यक्रममा एनेकपा माओवादीका शम्भुराम महर्जन, नेकपा एमालेका हिराकाजी महर्जन, संघीय समाजवादी पार्टीका नजरराम महर्जन र डा.चन्द्रमान बज्राचार्यले आ-आफनो विचार राख्नु भएको थियो ।

हिलसाइड होटल कीर्तिपुरको सभा हलमा भएको उक्त कार्यक्रममा नेता गुरुङले भन्नुभयो, "हामी चुनाव विरोधी होइनौं । तर यथास्थितिमा हुने चुनावको विरोध गर्छौं । विदेशी प्रभुको इशारामा हुन लागेको चुनावले संविधान लेखिदैन । संविधानसभामा कस्तो संविधान लेख्ने, त्यो संविधानमा के के कुरा समावेश गर्ने भन्ने मूलभुत आधार तय गरेर मात्र चुनाव हुनुपर्छ । यी सबै कुराको छिनोफानो गर्न गोलमेच सम्मेलनको मांग गरेका हौं । गत संविधानसभामा पहिचानसहितको संघीयता पक्षधरहरूको दुई तिहाई बहुमत हुँदा हुँदै पनि संविधान सभाको बैठक पनि नबसी विघटन गराइयो ।" नेता गुरुङले भन्नुभयो, "वार्ताको लागि बोलाउँछ तर वार्ता गर्न तयार हुँदैन । मंसिर ४ मा चुनाव गर्ने, खिल राज रेग्मीको सरकारले नै चुनाव गराउने सर्त राखेर वार्तामा बोलाउँछ, यो भनेको हात खुट्टा बाँधेर खाना खाउ भनेजस्तै हो । सेना परिचालन गरेर भए पनि चुनाव गराउने भनेर हल्ला फिजाईरहेका छन । यदि यसरी भयो भने देशमा द्वन्द्व निम्त्याउने छ । हामी पनि सशक्त प्रतिरोध गर्छौं ।"



गत भाद्र १५ गते शनिवार आदिनाथ मा.वि. चोभारले एक कार्यक्रम गरी प्रवेश परीक्षा(२०६९ मा उतीर्ण सफल विद्यार्थीहरूलाई पुरस्कार, प्रमाणपत्र र पदक वितरण गरी सम्मान तथा विदाई गरियो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष शिशिरप्रसाद धितालको अध्यक्षतामा आयोजित सो कार्यक्रममा बोल्दै प्रधानाध्यापक जुजुभाइ महर्जनले काठमाडौंको दक्षिणी भेगमा विगत लामो समयदेखि आफ्नो विद्यालयले नेतृत्व लिंदै आएको जानकारी गराउनु भयो ।

## आदिनाथ मा.वि.मा सम्मान कार्यक्रम

सात कक्षासम्म अंग्रेजी माध्यमबाट अध्यापन हुने यस विद्यालयले क्रमशः सबै कक्षामा अंग्रेजी माध्यमको प्रयोग गर्ने जानकारी पनि दिनु भयो । प्रधानमन्त्री कार्यालयका सचिव उद्धवप्रसाद बास्कोटाको प्रमुख आतिथ्यमा सम्पन्न दीक्षान्त समारोहमा २०६९ सालको एसएलसी परीक्षामा विशिष्ट श्रेणीसहित सर्वोच्च अंक हासिल गर्ने छात्र(छात्रालाई कमल स्मृति प्रतिभा स्वर्ण पदक, तेजस्मृति रजत पदक, यशश्वीजंग स्मृति पदक तथा प्रमाणपत्र एवम् पुरस्कार एवं वर्षका उत्कृष्ट शिक्षक तथा अभिभावकलाई सम्मानसमेत गरिएको थियो ।

कमल जोशी स्मृति प्रतिष्ठानबाट स्वर्ण पदक प्राप्त गर्नेहरूमा विशिष्ट श्रेणीमा पास भइ सर्वोत्कृष्ट हुन सफल प्रमेश महर्जन, छात्रामा नलिना थापा, जनजातिमा विरेन्द्र श्रेष्ठले प्राप्त गर्नुभयो ।

त्यस्तै तेज स्मृति प्रतिष्ठानबाट सम्मान तथा नगद रु२००० बाट पुरस्कृत हुने छात्र प्रमेश महर्जन, छात्रामा नलिना थापा र उत्कृष्ट अभिभावक पुनमाया दर्शनधारीले प्राप्त गर्नु भयो । प्रमेश महर्जनले यशस्वीजंग स्मृति प्रतिष्ठानबाट सम्मानीत हुनुभयो । त्यस्तै स्व. पदम व.के.सी तथा स्व.टोल कुमारी के.सी. अक्षय कोषबाट २००० नगद प्राप्त गर्नुहुनेहरुमा प्रमेश महर्जन, नलिना थापा, विनिता माझी र विरेन्द्र साह रहनु भएको छ ।

सांस्कृतिक विकास समिति चोभारबाट नगद रु.२५०० र प्रमाणपत्रबाट छात्रमा प्रमेश महर्जन र छात्रामा नलिना थापा सम्मानीत हुनु भएको छ । एसएलसी परीक्षामा आफ्नो विषयमा शत प्रतिशत विद्यार्थी उतीर्ण गराउन सफल शिक्षक शिक्षिकाहरूलाई सम्मान गरिएको थियो ।

जसमा नेपाली विषय(अन्जु रिसाल, जनसंख्या(संगीता खनाल, सामाजिक( बुद्धवहादुर गुरुङ, अतिरिक्त गणित( हरि वहादुर थापा, अंग्रेजी( खेम नाथ सिटौला, लेखा( जुजुभाइ महर्जन रहनु भएको छ । त्यस्तै वर्ष २०६९ को उत्कृष्ट शिक्षक प्राथमिक तर्फ सानु माया महर्जन र माध्यमिक तर्फ किरण चन्द्र के.सी. घोषीत हुनु भएको छ ।


बाघभैरव बचत तथा ऋण सहकारी संस्था लि.

**ब्याजदर परिवर्तनको सूचना**

**यस संस्थाद्वारा बचत तथा ऋण लगानीमा निम्न अनुसार व्याजदर कायम गरिएको छ ।**

**१. मुद्दती बचत अन्तरगत**

१ वर्षमा – १२ %
२ वर्षमा – १३ %
३ वर्षमा – १४ %

**२) बाघ भैरव विशेष वचत अन्तर्गतको खातामा ८%दैनिक मौज्दातमा व्याज पाइने**

**३) कर्जा अन्तर्गत :**

बिना धितो (सामूहिक जमानीमा) **१९%** घट्दोदरमा
धितो कर्जा अन्तर्गत **१६% देखि १७%** घट्दोदरमा

**पूनश्चः** रु दशलाखसम्मको कर्जा माग गरेको ३ (कार्य) दिन भित्र कर्जा प्रवाह गर्नेछ ।

**बाघभैरव बचत तथा ऋण सहकारी सस्था लि.**

**नयाँबजार, कीर्तिपुर, फोन ४३३०२३६, ४३३३९२८**



**सुवर्ण अवसर**

एक पटक पाल्नु होला

कीर्तिपुरको लोकतान्त्रिक चोक, नयाँबजारस्थित पद्मकाष्ठपुर डेपार्टमेण्टल स्टोरले विगत दुई वर्षदेखि उचित मूल्यमा ग्राहक वर्गको सेवा गर्दै आइरहेको विदितै छ । हाल यस डेपार्टमेण्टल स्टोरले Kitchen Ware को पनि विक्री वितरण सुरु गरेको जानकारी गराउँदै दैनिक उपभोग्य सामानहरू सुपथ मूल्यमा पाउन एकचोटि अवश्य पाल्नु हुन अनुरोध गरिन्छ ।

**पद्मकाष्ठपुर डेपार्टमेण्टल स्टोर**

लोकतान्त्रिक चोक, नयाँबजार, कीर्तिपुर–३

फोन नं. ४३३२३३६

# हार्दिक श्रद्धाञ्जली

जन्मः
वि.सं.१९७७



मदुम्ह तुल्सीमाया महर्जन

स्वर्गारोहण
२०७०/०५/०५

झीगु पासा कोषया दुजः अष्टवहादुर महर्जनया ममतामयी मां तुल्सीमाया महर्जनया ९३ दँया बैशय् २०७० भाद्र ५ गते मदुगुलिं मदुम्हेसिया सुखावति भुवनय् बास लाय्मा धकाः कामना यानाः थुगु दुःखया इलय् सकल छेँजःपिन्सं मनचिइफयेमा धकाः बिचाः हायका च्वना ।

**बिचाः हायेकूपिं**

१. दुर्कमान महर्जन
२. भाईराम महर्जन
३. शिव शंकर महर्जन
४. किशोर खड्गी
५.सतुराम महर्जन
६. कृष्णभक्त महर्जन
७. हरिचन्द्र महर्जन
८. दयाराम डंगोल
९. विकास महर्जन
१० विद्या सागर महर्जन
११. त्रिवेणी ग्रुप
१२. प्रकाश राम महर्जन
१३. पवन शाक्य
१४. दिवस जोशी
१५. कवि कुमार महर्जन
१६. राम कुमार महर्जन
१७. सुन्दर के.सी.
१८. सुनिल महर्जन
१९.राजु महर्जन
२०. दिपक राज महर्जन
२१. विनय डंगोल
२२. धर्मेन्द्र महर्जन
२३. रबिन्द्र महर्जन
२४. मखन लाल महर्जन
२५. राजकुमार नकःमि
२६. प्रमेश महर्जन

# निर्वाचनको बाधक चार दलिय उच्चस्तरीय समिति–अशोक राई

हुम तमु ⁄

दमौली भाद्र १४⁄ सङ्घीय समाजवादी पार्टीका केन्द्रीय अध्यक्ष अशोककुमार राईले निर्वाचनको बाधक चारदलिय उच्च स्तरीय समिति भएको आरोप लगाउनु भएको छ।

तनहुँ जिल्लाको सदरमुकाम दमौलीमा शुक्रवार आयोजित सङ्घीय समाजवादी पार्टी तनहुँको प्रथम जिल्ला भेलाको उद्घाटन गर्नुहुँदै अध्यक्ष राईले निर्वाचनको बाधक चार दलिय उच्चस्तरिय समितिको संवेदनाहिनता र गैरजिम्मेवारी भएको बताउनु भएको हो।

चारदलिय समितिले वार्ताका लागि कुनै होमवर्क नै नगरी प्रस्तुत हुँदै आएकाले वार्ता सहमतिमा पुग्न नसकेको बताउनुहुँदै समस्या उच्चस्तरीय समिति हो, बैद्य नभएको उहाँको भनाई थियो।

सहमतिमा पुग्न र निष्पक्ष निर्वाचनको लागि चारदलिय उच्चस्तरीय समिति भंग, रेग्मी सरकारको राजीनामा र सर्वदलिय सम्मेलनबाट निकास निस्कने दावी गर्नुहुँदै अहिले सम्मको वार्ता निष्कर्ष विहिन हुनुमा असन्तुष्टहरूको मागका बारेमा चारदलिय संयन्त्रको कुनै उत्तर नभएकाले सहमतिमा पुग्न नसकेको राईले बताउनु भयो। उहाँले भन्नुभयो हाम्रा मागका बारेमा होमवर्क गर्नुस अनि मात्र वार्तामा बस्छौं। अबको वार्तामा हुन्छ वा हुँदैन उत्तर आउने गरी वार्तामा बस्ने बताउनुहुँदै सहमति भए सँगै अघि बढ्छौ भएन भने प्रतिरोध आन्दोलन गर्ने चेतावनी दिनुभयो। निर्वाचनले समस्या समाधान हुनुपर्दछ, नयाँ द्वन्द्व निम्त्याउनु हुँदैन भन्नुहुँदै हामी निर्वाचन बहिस्कार गर्ने शक्ति होइन, मैदान छाडी कसैलाई एकलौटी हुन नदिने भए पनि निष्पक्ष निर्वाचनका लागि संघीय समाजवादी पार्टीले प्रस्तुत गरेको मागको सम्बोधन हुनुपर्ने उहाँको भनाई थियो।

यसैविच पार्टी संगठन एवं कार्यकर्ताको अहिलेका लागि तीन काम संगठन विस्तार, सशक्त आन्दोलन र निर्वाचनको तयारीमा जुट्न निर्देशन दिनुभयो। अध्यक्ष राईले जातिय चस्मा लगाएका वा दृष्टिभ्रम भएकाहरूले संघीय समाजवादी पार्टीलार्य जातिय पार्टीको आरोप लगाउने गरेको बताउनुभयो। पहिचान विरोधीले संविधानसभा भंग गरेर मुलुकलाई संकटग्रस्त बनाएकाले राजनीतिक समस्या समाधान, मुलुकको सामाजिक, आर्थिक, धार्मिक, जातिय उत्पीडन अन्त्यका लागि संघीय समाजवादी पार्टी गठन भएको हो। पुराना दलहरू सक्षम भए संविधान जारी गर्थे, आफ्नै नेतृत्वमा निर्वाचन गर्थ्यो किन चुनावी सरकार गठन गर्नु पर्नेथ्यो, समानुपातिक सिट ३३५ घटाउन पाईदैन, उच्चस्तरीय समितिको निर्णयमा चल्ने खिलराज रेग्मीको सरकारले कसरी स्वच्छ स्वतन्त्र निर्वाचन गर्न सक्छ उहाँको आशंका थियो।

कार्यक्रमका विशिष्ट अतिथि सङ्घीय समाजवादी पार्टीका केन्द्रीय उपाध्यक्ष मोहम्मद रिजवन अन्सारीले नक्कली लोकतन्त्रवादी र कम्युनिष्टहरूले मुलुकलाई असफल बनाउँदै गएकाले फाइनल गेम खेल्नका लागि पार्टीका कार्यकर्तालाई तयारीमा जुट्न आग्रह गर्नुभयो। उहाँले एक टोल एक संगठन निर्माण गर्दै पहिचानको पक्षमा जनतालाई संघर्षरत बनाउनु पर्नेमा जोड दिनुभयो। विगतमा हरुवाहरूले संविधानसभामा निर्णायक भुमिका खेलेकाले संविधानसभा नै भंग गर्ने अपराध गरेकाले जनताले संविधानसभाका हत्यारालाई कारवाही गर्ने बताउनुभयो।

संघीय समाजवादी पार्टीले जातिय राज्य नभई जातिय पहिचानको राज्यको माग गरेको स्पष्ट पार्नुहुँदै मुलुकलाई पुराना अक्षम दलहरूले संकटग्रस्त बनाएकाले अव सानोतिनो औषधी वा सिटामोलले समस्या समाधान नहुने भएकाले संघीय समाजवादी पार्टी एन्टीवायोटिकको रुपमा गठन भएको दावी गर्नुभयो। कार्यक्रममा पार्टीका स्थायी समिति सदस्य अधिवक्ता सुरेन्द्र थापामगर ले असफल पुराना पार्टीहरूबाट कुनै आशा नगर्न आग्रह गर्नुहुँदै पुराना दलहरूबाट जनताको अधिकारको अपेक्षा गर्नु भनेको थारो भैंसीबाट दूध र चिलाउनेको रुखबाट स्याउ फल्छ भन्नु जस्तै भउको कटाक्ष गर्नुभयो। कार्यक्रममा एमाओवादी, नेपाली काँग्रेस र एमाले पार्टी परित्याग गरी संघीय समाजवादीमा प्रवेश गरेका थिए।

जिल्ला भेला आयोजक समितिका संयोजक सुवेदार सुकवहादुर गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा नवप्रवेशी सिआई हिरध्वज गुरुङ, केन्द्रीय अनुशासन विभागका सदस्य सोम नेपाली, पार्टीका नवलपरासी अध्यक्ष छविलाल थापामगर, हरिसिंह गुरुङ, रजाक मिया, सिद्धान्त थापा, लोककुमार गुरुङ लगायतले मन्तव्य व्यक्त गर्नु भएको थियो भने कार्यक्रम संचालन मणिराज गुरुङले गर्नुभएको थियो।

यस अघि भेलाको कार्यक्रमका प्रमुख अतिथि संघीय समाजवादी पार्टीका अध्यक्ष अशोककुमार राईले दीप प्रज्वलन गरी उद्घाटन गर्नु भएको थियो। भेला अघि सफा सडकबाट सुरु भएको र्‍याली शहर को विभिन्न भाग परिक्रमा गरी जिल्ला विकास समितिको प्रांगणमा पुगी समारोहमा परिणत भएको थियो।

भेलाले हरिसिंह गुरुङको अध्यक्षतामा ११ सदस्यीय संघीय समाजवादी पार्टी तनहुँ गठन गरेको छ। समितिको सचिवमा कृष्णवहादुर गुरुङ, उपसचिवमा कान्छीमाया तामाङ, सदस्यहरूमा चेतवहादुर दराई, गणेश खाती, रेखबहादेर थापा, लोककुमार गुरुङ, शारदा कुमाल, रेशम भुजेल, कर्णवहादुर भुजेल, डम्बर सिंह गुरुङ र बसन्त बराल विक रहेको भेला आयोजक समितिका संयोजक सुवेदार सुकवहादुर गुरुङले घोषणा गर्नुभयो।

यसरी नै भेलाले सिद्धान्त थापामगर को अध्यक्षतामा संघीय युवा संघ तनहुँ



गठन गरेको छ। समितिमा अमरदिप हाडा उपाध्यक्ष, मण्िराज गुरुङ सचिव, लोकेन्द्र गुरुङ सहसचिव, कोषाध्यक्षमा कल्पना गुरुङ र सहकोषाध्यक्षमा शेरवहादुर बोटे रहनु भएको छ भने सदस्यहरूमा ज्ञानेन्द्र गुरुङ, राम गुरुङ, मेखवहादुर सारुमगर, कर्ण गुरुङ, सुकवहादुर गुरुङ, सुरज गुरुङ, धिरेन गुरुङ, अम्मर थापा र बसन्तकुमार बराल चयन हुनुभएको नवनिर्वाचित पार्टी अध्यक्ष हरिसिंह गुरुङले घोषणा गर्नुभयो।

यसैगरी भेलामा अग्रगामी विद्यार्थी युनियन तनहुँ तदर्थ समिति पार्टीका तनहुँ अध्यक्ष हरिसिंह गुरुङले घोषणा गर्नुभयो। युनियनको अध्यक्षमा भरत गुरुङ, उपाध्यक्षमा विषम भुजेल, सचिवमा शिव श्रेष्ठ, सहसचिवमा भानु सुब्बा, कोषाध्यक्ष रोशन थापा र सदस्यहरूमा खेम थापा, विपिन राना, नविन थापा, पुष्प गुरुङ, शिला गुरुङ, सुष्मा गुरुङ र सुवर्ण गुरुङ रहनुभएको छ।

# चुनावका चुनौती छन थुप्रा - होला त चुनाव !

– जगन शर्मा

सरकारले मंसिर ४ मा चुनाव गर्न घोषणा गरेको मिति आउन अब धेरै छैन। २०६४ साल चैत्र २८ गते पहिलोपटक संविधानसभाको निर्वाचन सम्पन्न भएको थियो। तर पटकपटक कार्यकाल थप्दा पनि संविधानसभाबाट संविधान बन्न सकेन। अन्ततः लामो समयको वादविवाद पछि राजनीतिक दलहरू दोस्रोपटक संविधान सभाको निर्वाचन मंसिर ४ गते गर्न सहमत बने। राजनीतिक दलहरूकै नेतृत्वमा सहमतिको सरकार बन्न नसकेपछि २०६९ चैत्र १ गते अन्तरिम चुनावी मन्त्रिपरिषद प्रधान न्यायाधीशको नेतृत्वमा गठन भयो। सोही सरकारले २०७० जेठ ३० गते नेपालको अन्तरिम संविधान २०६३को धारा ६३ को उपधारा २ बमोजिम २०७० मंसिर ४ गतेका लागि संविधान सभाको दोस्रो निर्वाचन घोषणा गर्‍यो।

संविधानसभाको दोस्रो निर्वाचनका लागि स्वतन्त्र, स्वच्छ, धांधलीरहित तथा विवादमुक्त वातावरण निर्माण गर्न नेपाल सर कार तथा सुरक्षा निकायहरूले एकीकृत चुनावी सुरक्षा योजना लागू गर्ने तयारी गरिरहेको छ। नेपाल प्रहरिका अतिरिक्त महानिरि क्षक पुष्कर रेग्मी निर्वाचन वहिष्कार गर्ने अधिकार भए पनि कानुन हातमा लिएर निर्वाचन बिथोल्ने अधिकार कसैलाई नभएको बताउँछन्। उनी भन्छन्, निर्वाचनलाई लिएर सुरक्षा निकायले सुरक्षा योजना बनाइसकेको छ। कुनै पनि अवस्थामा निर्वाचन स्वच्छ र भयरहित वातावरणमा सम्पन्न गर्न हामी प्रतिवद्ध छौं।

नेपालमा आम निर्वाचनको इतिहास त्यति धेरै लामो छैन। नेपालमा २०१५ साल फागुन ७ गते पहिलो पटक निर्वाचन भएको थियो भने पछिल्लो पटक २०६४ सालको संविधानसभा निर्वाचन सम्म आइपुग्दा ३ पटक मात्र आम निर्वाचन भएको छ। ०४८ साल र ५६ सालमा भएको आम निर्वाचन भयरहित र स्वतन्त्र रुपमा सम्पन्न हुन सकेन। त्यस्तै ०६४ मा भएको संविधान सभाको निर्वाचनमा निर्वाचन आचारसंहिता सबैभन्दा बढी उल्लंघन भयो। मुलुकमा चलेको १२ वर्ष लामो सशस्त्र युद्ध पछि सबै शक्तिहरू निर्वाचनमा केन्द्रित हुंदा समेत निर्वाचन स्वच्छ र धांधलीरहित हुन नसकेकाले मंसिर चारका लागि घोषणा गरिएको निर्वाचन पनि शान्तिपूर्ण, स्वच्छ र भयरहित वातावरणमा हुनेमा आशंकाहरू व्यक्त भइनै रहेका छन।

अघिल्लो संविधानसभा सम्पन्न गरेका पूर्व प्रमुख निर्वाचन आयुक्त भोजराज पोखरेलले भने एकथर ीलाई बाहिर राखेर गरिने निर्वाचनले सकारात्मक परिणाम ल्याउनेमा आशंका व्यक्त गर्छन। निर्वाचनबाट बाहिर रहेकाहरूको आवाज निर्वाचन पछि बन्ने संविधानसभाले कसरी समेट्ला र उनीहरूले आफ्नो सहभागिता नभएको संविधानसभाले बनाउने संविधान मान्दैनौं भने भने के होला ? गम्भिरतापूर्वक दलहरूले सोच्न जरुरी भएको बताउँछन्। मंसिर ४ नजिकिए पनि नेताहरूमा चुनावी मानसिकता पूर्ण रुपमा तयार नदेखिनु पनि सुरक्षा व्यवस्थापनमा चुनौती भएको उनको बुझाई छ। पूर्व गृहसचिव गोविन्द कुसुम पनि निर्वाचन हुन्छ भन्नेमा आशंका बांकी नै रहेको बताउँछन्। मुलुकमा पूर्व प्रशासक नेतृत्वको सरकार हुनु र र ाजनीतिक दलहरूले ठूलो छाती गर्न नसक्नुले पनि निर्वाचनमा केही कठिनाई थप्ने आशंका गर्छन। विगतको निर्वाचनमा म्यादी प्रहर ीको नाममा राजनीतिक कार्यकर्ता भर्ती गर्दा निर्वाचनमा समस्या देखिएकाले त्यसबाट सिक्नु पर्ने उनले बताए।

एकातिर निर्वाचन बहिष्कार गर्नेहरूबाट आउने चुनौती र अर्कोतिर निर्वाचन घोषणा भैसकेपछि बेमौसममा आएको एमाओवादीको उत्पादन ब्रिगेड र अन्य राजनीतिक दलका युवा संगठन निर्वाचनका लागि चुनौती भएको उनको बुझाई छ। जतिसुकै चुनौती भए पनि मुलुकलाई निकास, स्वतन्त्र र भयरहित वातावरणमा सम्पन्न गर्न राजनीतिक दल, निर्वाचन आयोग, सुरक्षा निकाय र सरकार यो वा त्यो स्वार्थमा नअल्किन निर्वाचनलाई केन्द्र विन्दुमा राखेर अघि बढ्न आवश्यक छ।

# नगां ज्ञानमालाको १६ औं वार्षिक सभा हुने

विगत १६ वर्षदेखि बुद्ध धर्म र समाजसेवामा समर्पित रहँदै विभिन्न गतिविधि गर्दै आइरहेको नगां ज्ञानमाला भजन खलःले आउने भाद्र २२ गते सनिवार सोह्रौं वार्षिक कार्यक्रम गरिने भएको छ।

नगाउँमा हुने उक्त कार्यक्रममा दिनको १२ बजेदेखि ज्ञानमाला भजनको आयोजनाको साथै जेष्ठ नागरिकहरूलाई पनि सम्मान गरिने कार्यक्रम रहेको हिरा डंगोलले जानकारी दिनु भएको छ।

तपाईको टोलमा हुने कुनै पनि किसिमका सामाजिक, सांस्कृतिक, धार्मिक, राजनीतिक, आर्थिक लगायतका विषयमा हुने गतिविधिका विषयमा हामिलाई जानकारी दिनुस हामी कीर्तिपुरका प्रत्यक नागरिकको चासोको विषय वनाउन समाचार प्रकाशित गर्नेछौं

**कीर्तिपुर सन्देश साप्ताहिक**

निखासी टोलः कीर्तिपुर नपा-३
फोन नं.: ४३३३००७, ९८४१४०१०७७
kirtipur_sandesh@live.com
http://kirtipursandesh.blogspot.com

**नयाँ शो रूम खुल्यो**

CTEVT बाट संचालित राष्ट्रिय शीप प्रतियोगितामा Top Ten मा स्थान हासिल गर्न सफल युनिक टेलर्सको अब नयाँ शो रूम खुलेको जानकारी गराउन चाहन्छौं।




युनिक टेलर्स
नयाँबजार, फोन ४३३१०७८

# बाघ भैरव पुजा विधिप्रति भक्तजनहरुको गुनासो

**बाघभैरव संरक्षण समितिलाई भक्तजनको खुल्ला पत्र**



कीर्तिपुरवासीको आराध्यदेव आजुद्यः (कुल देवता)को रुपमा प्रख्यात बाघभैरवको मूर्ति गत वर्ष तान्त्रिक विधि अनुसार जनताको व्यापक सहयोगमा पुनःनिर्माण गरियो ।

बाघभैरवको चाँदीको मूर्ति बनाई चारैतिर शिसाले घेरिएर राखेको छ। पुनः निर्माण भएपछि अब बाघभैरवलाई छुन नपाउने, पुजा गर्न जाने भक्तजनले आफ्नै हातबाट पूजा गर्न नपाउने नियम बनाइएको छ। जसले गर्दा कीर्तिपुर वासीले असन्तुष्ट पोखेका छन ।

पाँगाका निलबाबु महर्जनका अनुसार पाँगाका आधाभन्दा बढी मानिसहरूको कूल देवता (आजुद्यः) बाघभैरव नै हुन । 'कसैको घरमा ठूलो पुजा या कर्मकाण्ड गर्नु पर्‍यो भने कूलदेवताको पूजा गर्नु पर्छ। कूलदेवताको पूजा गर्न विहानै नुहाएर पानी पनि नपिइ निसी (चोखो) भएर पूजा थाली लिएर जान्छन् । तर त्यहाँ पुग्दा आफूले पूजा गर्न नपाउने देवतालाई हेर चाह गर्न राखेका द्यःपालाः (कुशले) ले पुजा थाली लिएर आफू खुसी पुजा गर्छ। जुन भक्तजनलाई चित्त बुझेको छैन । यो मेरो मात्र हैन, भक्तजनको धारणा हो ।' कुनै पनि देवी देवताको पुजा आजा गर्नु भनेको आ-आफ्नो आस्थाको कुरा हो । पुरा आस्थाका साथ पुजा गर्न भक्तजन त्यहाँ पुग्छन तर देवताको पाउ छोएर ढोग्न पनि पाईदैन। भक्तजन त नुहाएर चोखो भएर जान्छ तर पुजा गर्ने कुशले पनि त्यतिकै नीसी (चोखो) भएर बसिरहेको हुन्छ र ? भनेर प्रश्न समेत गर्नु भयो। आदिनाथ, करुणामय, पशुपतिमा पनि त हामीले देवता छुन पाउँदैन यो त मूर्तिमा कुनै पनि असर नपरोस भनी होला नि भनी यस सम्बाददाताको प्रश्नमा महर्जन लगायत भक्तजनहरूले भने, "आदिनाथ, करुणामयमा पान्जु राखेको हुन्छ। पान्जुहरुले नै पुजा गर्छन । जुन परम्परादेखि चल्दै आइरहेको छ । तर बाघभैरवमा त हामीले परम्परादेखि आफैले या गुरुजु राखेर पूजा गर्दै आइरहेका हौ । त्यसैले भक्तजनको आस्थाको कदर गर्दै भगवानको पाउ छोएर पूजा गर्न मिल्ने व्यवस्था गर्न सरोकारवाला बाघभैरव संरक्षण समितिसँग अनुरोध गरिएको छ। सिसाभित्र बन्द बाघभैरवको पुजा गर्न नपाउँदा भगवान प्रति अनास्था बढ्ने र स्वयम्भू स्तुपको गजुर हेरेर घरमा बसी पुजा गरेझैं बाघभैरव मन्दिरको गजुर हेरेर घरमै बसी पुजा गरे पनि हुन्छ भन्ने धारणा नहोला भन्न सकिंदैन । देवतालाई जति पुजाआजा गरिन्छ त्यति नै देवताको शक्ति बृद्धि हुन्छ । पुजा गर्न नपाएपछि केवल नाममात्रको पुजाले देवताको शक्ति क्षीण हुँदै जाने कुरा बुढापाकाहरूले भनिरहेका छन । यस पुजाविधिप्रति कीर्तिपुरवासीहरू पनि असन्तुष्ट रहेको पाइएको छ। यस विषयमा खासै बहस समेत भइरहेको छैन।



कीर्तिपुर सन्देश मार्फत भक्तजनहरुको यो सन्देश बाघभैरव संरक्षण समिति समक्ष पुर्‍याउन अनुरोध गरेका छन् ।

*(अतः यसलाई खुल्ला पत्रको रुपमा प्रकाशित गरेका छौं। आशा छ यस खुल्ला पत्रको सवालमा सरोकारवाला पक्षले भक्तजन हरुलाई दिइने छ । सं.)*

# यो बाटोमा पर्खाल कसले लगाउने हो ?

कीर्तिपुर सन्देश/

कीर्तिपुरको लोकतान्त्रिक चोकबाट मङ्गल स्कुल हुँदै माथि डाँडा चढ्ने ठाउँमा नगरपालिकाले बाटो फराकिलो पार्दै केही मिटर सिमेन्ट धलान गरी बाटो बनाइएको छ । जुन साह्रै राम्रो काम हो । बाँकि भाग पनि छिट्टै धलान होस् भनी कीर्तिपुर वासीको मांग रहेको छ ।



यसै बाटोको उकालो चढ्दा दाहिनेपट्टि मङ्गल स्कुलको भवन र बाटोको पेटी अलि अलि फरकमा छ। मङ्गल स्कुलको गेटबाट माथि चढ्ने बितिक्कै पेटीमा पर्खाल या कुनै बार लगाएको छैन। जसले गर्दा बटुवाहरूको मनमा त्यो पेटीबाट मङ्गल स्कुलतिर खस्ने हो कि भन्ने त्रास मनमा रहिरहेको बटुवाहरू बताउँछन ।

उक्त स्थानमा पर्खाल वा तारबार राखि दिए सम्भावीत खतराबाट पदयात्रीले मुक्ति पाउँथ्यो कि भन्ने भनाई रहेको छ । अब जात्रा पर्व नजिक आउँदै छ । बेलुका भोज भतेरमा गएर त्यही बाटोबाट फर्कंदा पाइला खुस्किएर तल खस्ने हो कि भन्ने सन्त्रास रहेको छ ।

उक्त पर्खाल कसले बनाउने हो भनी मङ्गल स्कुलका कोअर्डिनेटर सिद्धिवहादुर महर्जनसँग सोध्दा "बनाउन त कीर्तिपुर नगरपालिकाले नै बनाई दिन्छु भनेको छ। त्यस ठाउँमा तारबार लगाई दिने भनेर कीर्तिपुर नगरपालिकाले भनेको छ। तारबारको सट्टा पर्खाल नै बनाई दिए हुन्थ्यो ।" उहाँले भन्नुभयो ।

उक्त ठाउँमा तारबार होस या पर्खाल होस मान्छे नखस्ने बनाई दिनुपर्‍यो । दुर्घटना भए पछि औषधोपचार गर्नु भन्दा दुर्घटना नै हुन नदिनु बुद्धि मानी रहेको छ। अतः कीर्तिपुर नगरपालिकाले यस सम्बन्धी छिट्टै कार्यान्वयन गर्नु हुने कीर्तिपुरवासीले अपेक्षा राखेका छन् ।

# बाघ भैरव महिला समूहद्वारा निःशुल्क आँखा शिविर

श्री बाघ भैरव महिला समूह कीर्तिपुरले आगामी भाद्र २२ गते शनिवार एक दिवसीय निःशुल्क आँखा शिविरको आयोजना गरिएको छ ।

युवा नेत्र सेवाको सहयोगमा हुने उक्त निःशुल्क आँखा शिविर कीर्तिपुर नगरपालिका वडा नं.१ बाकुननी टोल, ननीगाःमा हुने भएको छ। उक्त शिविरमा आँखा जचाउन चाहनेले विहान ७ बजेदेखि नाम दर्ता गराउनु पर्ने छ । नाम दर्ता गरेको क्रम अनुसार नै विहान ९.३० देखि आँखाको परीक्षण सुरु हुने जनाइएको छ । उक्त आँखा शिविरमा परीक्षण गरिएका आँखा रोगीमा मोतिबिन्दु फेला परेमा मोतिबिन्दुको निःशुल्क अपरेशन गरिने जनाइएको छ । अतः उक्त शिविरमा सहभागी भइ लाभ उठाउन बाघभैरव महिला समूहले सबैमा अनुरोध गरिएको छ ।


# हार्दिक समवेदना

जन्मः

वि.सं.१९९५ पौष २९

स्वर्गारोहण

२०७०/०५/०६ विहिवार





यस कीर्तिपुर स्वयंसेवक समाजका संस्थापक अध्यक्ष श्री रविन्द्र बहादुर प्रधानका श्रद्धेय पिता **श्री रुद्र बहादुर प्रधान**को ७५ वर्षको उमेरमा असामयिक स्वर्गारोहण भएको १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं, साथै शोक सन्तप्त परिवारजनप्रति धैर्य धारण गर्न सकोस् भनि हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**कीर्तिपुर स्वयंसेवक समाज**

नयाँबजार, कीर्तिपुर

# हार्दिक श्रद्धाञ्जली

जन्मः
वि.सं.१९९५ पौष २९



स्वर्गारोहण
२०७०/०५/०६

**स्व. रुद्रवहादु प्रधान**

कीर्तिपुर क्षेत्रको स्वास्थ्य क्षेत्रमा सर्वाधिक चर्चित स्वास्थ्यकर्मि,, समाजसेवी **रुद्रवहादुर प्रधान**को ७५ वर्षको उमेरमा असामयिक निधन भएको तेह्रौं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै शोक सन्तप्त परिवारजनले यस दुःखद घडीमा धैर्य धारण गर्न सकोस भनी हार्दिक समवेदना व्यक्त गर्दछौं।

## बुद्धिवहादुर महर्जन
## ड्रेस सेन्टर

नगाउँ दोबाटो, कीर्तिपुर-१७

# हार्दिक श्रद्धाञ्जली

जन्मः
वि.सं.१९९५ पौष २९



स्वर्गारोहण
२०७०/०५/०६

**स्व. रुद्रवहादु प्रधान**

यस नगरपालिका वडा नं. १ का पूर्व वडा सदस्य **श्री रुद्रवहादुर प्रधान**को गत भाद्र ६ गते ७५ वर्षको उमेरमा दुःखद निधन भएकोमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। यस दुःखद घडीमा शोक सन्तप्त परिवार जनमा धैर्य धारण गर्न सकोस भनी हार्दिक समवेदना व्यक्त गर्दछौं।

## कीर्तिपुर नगरपालिका परिवार

कीर्तिपुर, काठमाडौं

# हार्दिक श्रद्धाञ्जली

जन्मः
वि.सं.१९९५ पौष २९



स्वर्गारोहण
२०७०/०५/०६

**स्व. रुद्रवहादु प्रधान**

कीर्तिपुर सन्देशका शुभचिन्तक एवं सहयोगी लायन रबिन्द्र वहादुर प्रधानका पुज्यनीय पिता एवं कीर्तिपुर क्षेत्रकै स्वास्थ्य क्षेत्रमा सर्वाधिक चर्चित व्यक्तित्व
**रुद्रवहादुर प्रधान**को गत भाद्र ६ गते ७५ वर्षको उमेरमा असामयिक निधन भएकोले दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै शोक सन्तप्त परिवारजनले यस दुःखद घडीमा धैर्य धारण गर्न सकोस भनी हार्दिक समवेदना व्यक्त गर्दछौं।

## कीर्तिपुर सन्देश साप्ताहिक परिवार

निखाःसी टोल, कीर्तिपुर-३

# हार्दिक श्रद्धाञ्जली

जन्मः
वि.सं.१९९५ पौष २९



स्वर्गारोहण
२०७०/०५/०६

**स्व. रुद्रवहादु प्रधान**

नेपाली कांग्रेसको टिकटबाट २०५४ सालको स्थानिय निर्वाचनमा कीर्तिपुर नगरपालिका वडा नं. १ बाट निवार्चित वडा अध्यक्ष **रुद्रवहादुर प्रधान**को गत भाद्र ६ गते ७५ वर्षको उमेरमा असामयिक निधन भएकोले दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै शोक सन्तप्त परिवारजनले यस दुःखद घडीमा धैर्य धारण गर्न सकोस् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं।

## कृष्णमान डंगोल
## सभापति

**नेपाली कांग्रेस कीर्तिपुर नगर समिति तथा**
**नेपाली कांग्रेस कीर्तिपुर नगर १९सै इकाई समिति परिवार**

# महाभारतया भीमसेन व नेवाःतय्गु भिन्द्यः छम्ह हे मखु

## राज श्रेष्ठ, किपू

महाभारतया भीमसेन व नेवाःतय्गु भिन्द्यः छम्ह हे मखु। भारतवर्षय गनं नं महाभारतया भीमसेनयात अलग्ग हे कथं पुजा यायेगु वा महत्व बियातःगु मदु। भीमसेनया अस्तित्व धैगु हे पंचपाण्डवया जेठाम्ह युधिस्थिरया न्ह्योने ल्यूने जक दं वइ। थःगु ताकत क्यनेगु बाहेक भीमसेनया राजनीतिक व आर्थिक छुं हे कथं मेगु पक्षय् सक्रियता मदु। थ्व भ्रीसं महाभारत ब्वना स्वल धाःसा बांलाक्क हे ध्वाथुइके फइ। भारतवर्षय् तक्क नं भीमसेनया अलग्ग हे मूर्ति वा मन्दिर दयेका पुजा याना वयाच्वंगु इतिहासय् मदु।

अथेजुसां नेपालय् जक भीमसेनयात नेवाःतय्सं बनेज्या सुथां लाकिम्ह भिन्द्यः कथं कायेमाःगु छुं आवश्यकता खने मदु। महाभारतया भीमसेन नेपाः गालय् वया थन छुं कथंया ज्याः याना वन धैगु खँ महाभारतया गन नं उल्लेख यानातःगु खने मदु। खः महाभारत युद्ध लिपा छुं दँ हस्तिनापुरय् राज्ययाना युधिस्थिर थः किजापिं व द्रौपदी नापं हिमालय पर्वत प्रस्थान यात धकाः उल्लेख दुसां अन नेपाःगालय् थ्यंका थनया धर्म संस्कृति, जनजीवनयात हे प्रभाव लाई कथं छुं ज्यायात धैगु उल्लेख खने मदु। उपिं राजनीतिं सन्यास कया म्वाम्वाकं स्वर्ग प्रस्थानया निंतिं हिमालय यात्राय जक वःगु खने दु। उपिं महाभारत ग्रन्थय् उल्लेख याना तःगु कथं धायेगु खःसा जूम्हिता बुइधुंकालि बनबास लिपा चिहाकःगु गुप्तबासया निंति नेपाः गालय् वल धकाः नं उल्लेख मदु। यदि पंचपाण्डबत व कौरवया गुप्तचरत नेपाः गालय् थ्यंक वःगु खःसा उकिया छुं छुं दसु थन दये हे माःगु खः। अझ भिमसेनया भूमिका धैगु उगु हिमालय महाप्रस्थान यात्राय् युधिस्थिर नाप न्हापालाक्क द्रौपदी लँय् क्वदबलय् द्रौपदीया छु द्वंविद्वं दु ? नहकुल व सहदेवपिं छाय् भ्रीपिं नाप वये मफुत ? अर्जुनया दोष छु खः ? अलय् लिपालाक्क थः नं क्वदसेंलिं जिगु छु गल्ती जुल छाय् जि म्वाम्वाकं स्वर्गय् वये मखन ? धकाः न्यनेगु बाहेक मेगु छुं मदु। महाभारतया भीमसेनं थःगु दे हस्तिनापुरय् हे अनया जनताया आर्थिक अवस्था बांलाकेत व्यापार, व्यवसाय यायेमा धकाः स्यनावंगु मदुसा व नेपाः गालय् वया नेवाः बन्जातय्त ल्हासाय् बनेज्या याना थःगु देया दुगक्वँ बल्लाकि धकाः स्यना थकुगुलिं वयात नेवाःतय्सं थःगु आजुद्यः भाःपिया थःगु छेँ छेँ, पसः पसःलय् देगः देगलय् वयागु भव्य मूर्ति दयेका तसकं भव्य कथं तान्त्रिक विधि कथं जात्रा न्यायेकल धायेगु छगू कोराकल्पन सिबय् मेगु मखु धासाः पायछि मजू धकाः कुंखिने फइमखु। भीमसेन थःगु जीवनया अन्तिम क्षणय् हिमालय पर्वत प्रस्थानया निंति जक वःम्ह जूगु, गुकि महाभारत ग्रन्थय् उल्लेखित दु, वं नेवाःतय्त तिब्बतनाप व्यापार या धकाः गुकथं धाल जुइ, मखुला थ्व अजूचाइपूगु खँ। महाभारत युद्ध त्याकेधुंका लिपा नं नेपाःनाप हस्तिनापुरया छुं हे सम्बन्धया उल्लेख मदु गुकि छगू अजूचाइपुगु खँ खः। नेवाःतय्त उलिमछि गुणगान वम्हेस्यां छु नेपाःयात चटक्क हे ल्वमंका छ्वल ला ?

महाभारतय् उल्लेख जुयाच्वंगु विराटपर्वय पाण्डवत गुप्तवासया सिलसिलाय् जुजु विराटया राजदरवारय् गुप्त भेष कया सुलाच्वंगु उल्लेख दु। जुजु विराटया राज्य आःयागु नेपाःया विराटनगर खः धकाः धयातःगु न दु। विराट जुजुया राजदरवारय् भीमसेन व पंचपाण्डवपिं च्वनाच्वंगु व अन द्रौपदीयात सासना बियाच्वंम्ह किचकयात भीमसेनं वधयात धकाः धयातःगु नं दु। यदि थ्व खँ सत्य खःसा भ्रीसं मेगु खँ, गुकिं छु धाइधाःसा दोलखाया नेवाःभाय्यात पंचपाण्डव अन गुप्तवास च्वंबलय् थःपिं दथुइ खँल्हाबल्हा यायेत दयेका थकुगु गुप्तभाषा खः धकाः धाइ, थ्व धापु गलत खः धकाः धायेमाः। यदि अथे खःसा पंचपाण्डवत गुप्तवास च्वनावंगु थासय् व भाय् नं अनयापिं मनूतय्त स्यनावंगु नं जुयाच्वन। दोलखाया भिन्द्यः जगप्रसिद्धम्ह, दोलखाया नेवाः भाय् यदि भीमसेनया गुप्त भाषा खःसा छाय् व विराटनगरय् प्रचलित मजुल वा छाय् व भाय् हस्तिनापुर लिहांवने धुंकाः भारतवर्षय मेगु राष्ट्रिय भाषा कथं पिमब्वल ? भारतवर्षया इतिहास दुने व भाय् गन वन ? छु दोलखाया नेवाःतय्त जक व भाय् सुटुक्क स्यना थकुगु खः ला ? थुलि थाकुक दयेका थकूगु भाय् म्वाम्वाकं पाण्डवतय्सं परित्याग यातला ? थःम्हेस्या दयेका थकुगु भाय् छु जुल धकाः हानं छकः स्वःवये म्वाःला ?

छाय् थथे मजुल ? छाय्कि थ्व दोलखाया भिन्द्यःयात महाभारतया भीमसेन प्रमाणित यायेगु निंतिं दोलखाया नेवाःभाय्, गुगु भाय् यँ यल ख्वप सिबें पाः, व भाय्यात गुप्तवासकालीन पचपाण्डवतय्गु गुप्त भाषा कथं हिलेगु छगू तःधंगु द्वं खः। वास्तवय् दोलखाया नेवाःभाय् नेपालभाषाया छगू पुलांगु प्राचीन स्वरुप ज्वना थौं तक्क न म्वानाच्वंगु भाय् खः। व भाय्लय छाय् संस्कृतया प्रभाव खने मदु गुकि भीमसेनया भाय् खःसा अवश्य न खने दयेमाःगु खः। दोलखाया नेवाःतय्सं ल्हाये सःगु व भाय् हस्तिनापुरया जनतातय्सं न ल्हाये सये फयेमा धकाः पंचपाण्डवतय्सं विचाः मयाः जुइला ?

अझ मेगु द्वं धैगु ला भीमसेनया काय घटोटकचया काय धकाः यलम्बरयात धायेगु खः। (भाजु विजय शर्मा राजोपाध्यायया च्वसु भिन्द्यः वा भीमसेनलाई नेवारहरू आफ्ना पुर्खा देवता मान्दछन फेसबुकय् अक्टोबर ३१, २०१२) किराती जुजु यलम्बरयात नेवाःतय्गु पुर्खा कथं नालाः कयातःगु दु। जुजु यलम्बर महाभारतकालीन जुजु खः धकाः धाइगु या। थ्व जुजु महाभारत युद्धय् ब्वति काः वंबलय् कृष्णं छल याना छ्यों ध्यना स्याःगु, व हे छ्यों आकाशमार्ग वया वंघलय् आकाश भैरव कथं स्थापित जुल धयातःगु दु। यदि भीमसेनया छ्यों जुजु यलम्बर खःसा छाय् थ्व जुजुं पाण्डवया पक्षय युद्ध मल्वात ? छाय् कृष्णं वयागु छ्यों ध्यने माल ? जुजु यलम्बरयात भीमसेनया छ्यों दयेकेगु खःसा वया नां छाय महाभारत ग्रन्थय् दुमथ्यात ? उलिमछि सछि सछिम्ह कौरवतय्गु नां दुगु महाभारत ग्रन्थय् जुजु यलम्बर, पंचपाण्डवतय् छय्, नेपाःगालय् शासन यानाच्वंम्ह छम्ह शक्तिशालिम्ह जुजु, गुम्ह खनाः स्वयम् भगवान कृष्ण हे ग्यात, उम्हेस्या नां दुथ्याके म्वाःला ? अय् महाभारत च्वमि ?

किरात जुजु यलम्बरयात भीमसेनयाा छय् दयेकेगु कुतः धैगु नेवाःतय् आजुबराजु महाभारतया भीमसेन खः धैगु पुष्टिया निंतिं खः गुगु तच्वकं हे मखुगु खँ खः। वास्तवय नेवाःतय्सं हना वयाच्वंम्ह भिन्द्यःया मूस्वरुप धैगु तिब्बतया ल्हासाय् दु। (भाजु कल्याणमित्रं च्वयादिगु, सन्ध्याटाइम्सय् प्रकाशित च्वसु) नेवाःतय्गु बनेज्या ल्हासा नाप हे यक्व दु धैगु इतिहास कथंहे प्रमाणित नं खः। थःगु ब्यापार, व्यवसाय सुथां लाकिम्ह, न्ह्याबलें भिं याइम्ह भिन्द्यःयात नेवाःतय्सं हना वयाच्वंगु दु। भिन्द्यःया किपा स्वयेबलय् अन गनं नं व किपा महाभारतया भीमसेनया खः धकाः धायेगु आधार मदु। व किपालय् मेपिं पंतपाण्डबत मदु। भिन्द्यःया यँ भिन्द्यःत्वालय् च्वंगु मुर्तिइ नाप नापं मेमेपिं तान्त्रिक देवीदेवतापिं खः। अन प्यम्ह हे जक मूर्ति पलिस्था याना तःगु दु। युधिस्थिर धयातःम्ह नं मदु। उकिं भिन्द्यःया किपा व भिन्द्यः मूर्ति महाभारतया भिमसेनया मखु। छायधासा महाभारतया भीमसेन जुइगु छगू हे जक आधार धैगु अन युधिस्थिर, द्रोपदी व मेपिं स्वम्ह किजापिं नं अवश्य दय् हे माः। छाय्कि महाभारतग्रन्थय् भीमसेनया छुं हे स्वतन्त्र अस्तित्व मदु। कलाः छम्हला न्याम्ह न्याम्हेस्यां इनेमाःपिं, थः दाजुं छु धाल व हे भापिइमाःपिं, थः मानप्रतिष्ठा, राज्य व कलाःतकं धर्मया नामय् बरःतइपिं मध्ये छम्ह भीमसेन गनं भ्री, आत्मसम्मान व स्वाभिमानंजाःपिं नेवाःतय् आजद्यः, भ्री भिन्द्यः थ्व गुबलसं जुइफइ मखु, जुइफइ मखु। धौख्यःयात धुलिखेल धायेथें भ्री भिंयाइम्ह द्यः भिन्द्यःयात भीमसेन धाये दैमखु। सुभाय्।

# नृपेशाको चुटकिला

## (अनलाईनको माध्यमले कत्तारबाट  प्राप्त)

१.बाबु छोरालाई सम्झाउदै :( छोरा जुवातास खेल्नु हुदैन, यो राम्रो कुरा होइन, यो यस्तो चिज हो कि आज जितिस् भने भोलि हार्छस्, पर्सि जितिस .... भने त्यस्को भोलिपल्ट हार्छस् .....

छोरा : ( भयोबुबा, मैले अब बुझिसकें। अब म जुवा तास दिन बिराएर खेल्छु।

२.पति (पत्नीसूग ( हिजो मेरो सपनामा एउटी केटी आएकी थिइ, क्या च्वाूक थिइ।

पत्नी ( एक्लै आई होलि हैन ?

पति ( तिमीलाई कसरी थाहा भो ?

पत्नी ( उसको पति मेरो सपनामा आएथ्यो क्या।

३. बाघ बिडी पिउूदैथियो, एउटा मुसो आयो अनि भन्यो, "बाघ दाइ छोड यो नशा, हिंड मसूग, हेर जंङ्गल कति राम्रो छ।'

बाघ मुसासूगै हिंड्यो।

केही अगाडि हात्ती भेटियो, ऊ डूग्स लिंदै थियो, मुसाले उसलाई पनि त्यै डाइलग दियो, हात्ती पनि सूगै हिंड्यो। अलि अगाडि पुगेपछि सिंह व्हिस्की पिउूदै थियो, मुसाले उसलाई पनि त्यै डाइलग दियो। सिंह उठ्यो अनि मुसालाई २ थप्पड लगाइ दियो।

हात्तीले सिंहसूग सोध्यो ( किन हान्दैछौं यो विचरा शान्त प्राणीलाई ?

सिंह (रिसाउूदै)( यो सालेले हिजो पनि भाङ खाएर त्यतिकै मलाई ३ घण्टा जङ्गलमा घुमाएको थियो।

# साहित्य / कविता

## मेरो साथी

**– रिदेन महर्जन**
**बाघभैरव, स्थान**

साथी मेरो साथी जसले मलाई
सुख मात्र होइन दुःखमा पनि
साथ दिएको होस्।

साथी मेरो साथी जसले मलाई
आपतविपतमा पनि साथ दिएको होस्।

साथी मेरो साथी जसले मलाई
नयाँ सोच जोस र जागर दिएको होस्।

साथी मेरो साथी जसले मलाई
कुबाटो, कुलतको बाटोबाट
छोड्नमा साथ दिएको होस्।

साथी मेरो साथी जसले मलाई
हरेक क्षण हौसल्ला, उत्साह,
प्रोत्साहन दिएको होस्।

साथी मेरो साथी जसले मलाई
हरेक कार्यमा दत्त, चित्त
भएर साथ दिएको होस्।

साथी मेरो साथी जसले मलाई
जिन्दगीको हरेक पाइलामा
साथ दिएको होस्।

## मैं हुँ भन्ने जँड्याहाले झै

**–राम महर्जन**
नगाउँ, कीर्तिपुर -१६

दलिय स्वार्थको धुलोले
जनताको आँखानै धुलाम्मे भयो
बाटो विस्तारको हिलोले
काठमाडौं नै हिल्लामे भयो

वागमती छेउको वस्तीले
काठमाडौंको सक्कली रुप देखिन थालियो
मरु मख्खन असन कमलाक्षी
सांगुरो वाटो ठेलम ठेल वतुवा

भएका उद्योग प्रायः वन्द
युवा शक्ति विदेश पलायन
नेताहरू लाग्दै चुनावी अभियान
जनताहरू बस्दै तमाशा हेर्दै

नेताहरूको कसरत भोट पाउने कसरी
जित्नै पर्छ यसपालि जसरी पनि
कोही नेता देखिएन देशभक्तको रुपमा
जनताहरू मात्र चुनावी तुरुप मा

राष्ट्रिय सम्पदाले भरेको देश
शान्तिभूमी यो देश नेपाल
मै हुँ भन्ने जड्याहाले झैं
तमसुक भित्र पार्ने हो की ?

# Mobile Market 'N' Klinic

## Presents



# बाजासँगको यात्रा

# सक्षम बैण्डको साथमा

**Main Sponser :**

**G five mobile,**

**DTC,**

**Fly mobile,**

**Winncom mobile**




**स्थान : नगाउँ दोबाटो, कीर्तिपुर**

**मिति : २०७० भाद्र २४ गते सोमबार**

**समय : साँझ ६ बजेदेखि**

***Media Partner***

**Kirtipur Sandesh weekly, Kirtipur & Kirtipur Channel, Kirtipur**

## आयोजक

# Mobile Market 'N' Klinic

लोकतान्त्रिक चोक, कीर्तिपुर

फोन नं. ९८५११५२३९३, ९८०१०९८१५६

**हैन त ? –निरज**



एक डलर मा एक किलो प्याज..........
....................आउनुस् मौकाको फाइदा उठाउनुस्।

सहकारी संस्था, कार्यालय तथा व्यवसायी संस्था (पसलसमेत)लाई आवश्यक लेजर, क्यास बुक, स्टक बुक, डे बुक, दर्ता चलानी, खरिद तथा विक्रि खाता, हाजिरी कापी तथा अन्य स्टेशनरी सामानहरू सुपथ मूल्यमा पाइने ठाउँ

**किपू वुक प्वाइण्ट**

**कीर्तिपुर, नयाँबजार–१७, फोन ४३३१७७५**

# संघियता विरोधीहरूलाई लिम्बुवानबासीले लखेटे

भाद्र १६ संघियता विरोधी चुनावी अभियान लिएर लिम्बुवान पान्थर यासोक बजार पुगेका संघियता विरोधी नेता चित्र वहादुरका कार्यकर्ताहरूलाई लिम्बुवानबासीहरूले लेखेटेका छन । पम्पलेट, पर्चा,माईकिङ्ग सहित पुगेका र ाष्ट्रिय जनमोर्चाका केन्द्रिय सदस्य सुरेन्द्र भण्डारी र रामवहादुर बुढामगर लगायतका केही नेता कार्यकर्ताहरूलाई स्थानीय लिम्बुवानवासीहरूले आक्रमण गरी लखेटेका हुन् । यस क्रममा भण्डारी र बूढा मगर सामान्य घाइते भएको बताईएको छ । लिम्बुवानबासीहरूले सघियता संविधानमा उल्लेख भै सकेका कारण संघियताको विरोध गर्नु कानुन विपरित भएको र संविधान र कानुनको संरक्षण गर्नु हरेक नेपालीको मूल दायित्व भएको बताएका छन ।

हुन पनि हो । कसले दिन्छ प्रतिगामीहरूलाई साथ ? समयको गतिलाई उल्टो दिशामा घुमाउन खोज्नेहरू इतिहासको पानामा सिमित हुनेछन् ।

**हरेक बुधवार तपाईको हातमा विशेष अंक कीर्तिपुर सन्देश साप्ताहिक**

# उम्मेदवारको दौड



**ब्यंग सन्देश**
सत्य कुमार महर्जन

७६ दिन बाकी, मंसिर ४ को दोस्रो संविधान सभा निर्वाचनमा भाग लिने प्रत्यक्षतर्फ उम्मेदवारहरुको दौड शुरु भएको छ । दलहरुले निर्वाचन क्षेत्रबाट एक महिला सहित ३ जनाको नाम क्षेत्रिय समिति वा कमिटीबाट सिफारिस गरी पठाउन निर्देश गरे अनुसार भदौं १६ गते आइतवार देशभर उम्मेदवार हुन चाहनेहरुको घुइचो देखियो ।

उम्मेदवार हुन चाहनेहरुले आ-आफ्ना वायोदाता बनाउन थाले, अरुलाई सुनाउन थाले, कोही पार्टीको अध्यक्ष भइर हेका, कोही जिल्ला नेता भएका, कोही क्षेत्रिय नेता, कोही इलाका, नगर, त कोही शाखा नेताहरुले पनि आफ्नो योगदान वारे चर्चा गरे रे । आखिर उम्मेदवार दौडमा भाग लिन पाउँ भनेर कतिले आफ्नो नाम दर्ज गर्न चाहेर पनि नपाएकाहरु धेरै भए रे । कोही आफ्नो नाम १, २, ३ मा दर्ज गर्न पाएकोमा राजनीतिक सफलताको अनुभूत गरे रे । कोही आफ्नो कुतनीति वा षडयन्त्र सफल भएको महसुस गरे रे ।

उम्मेदवार हुन चाहनेहरु आ-आफ्नो दलमा नै सुरक्षित छैन । एक जना मात्र सिफारिस हुनेहरुको उम्मेदवारी अलि सुरक्षित होला नत्र तीन वा तीनभन्दा बढी उम्मेदवारहरुको सिफारिस गर्नेहरुको उम्मेदवारी सबैको असुरक्षित अवस्थामा रहेका छन् । किन कि क्षेत्रबाट सिफारिस गरे पनि त्यो अन्तिम हैन रे । क्षेत्रबाट पठाएकाहरुलाई जिल्लाले सुरक्षित गर्न पनि सक्दछ वा हटाएर पठाउन पनि सक्छ । त्यसैले त एमाले अध्यक्षको समेत उम्मेदवार सुरक्षित देखिदैन ।

किन कि उहाँले इलाम क्षेत्र नं. १ बाट नाम सर्वसम्मत गराउन सकेन रे, त्यहाँ पाँच जनाको नाम सिफारिस भएपछि काठमाडौं ९ पनि ताक्नु भएको छ तर काठमाडौं ९ मा पनि सर्वसम्मत भएन । त्यहाँ पनि अध्यक्ष सहित केन्द्रिय सदस्यहरुको नाम सिफारिस भएपछि अव चुनावको टिकेटमा धाधली हुने संकेत देखा परेको छ । चुनावको उम्मेदवार टिकेट पाउने र नपाउनेबीच दलहरुमा फेरि अर्को रडाको पैदा हुने अवस्था बनेको छ। यो एक नमूना मात्र हो ।

हुन त दलका नेताहरुले उम्मेदवार हुन पाउने मापदण्ड नबनाएको हैन, तर त्यो मापदण्ड कच्चा भइदिनाले हो वा नेताहरुले आफ्नो विश्वास गुमाएको कारणले हो । अव क्षेत्रिय कमिटी भनौ वा समितिदेखि नै आफ्नो उम्मेदवार हुने योग्यतामाथि प्रश्न उव्जाएको छ । देश र जनताको लागि ठूला य[illegible] गरेका नेताहरुका उम्मेदवारमाथि धावा बोलेपछि नेताले साख गुमाएको स्पष्ट छ । जसरी–तसरी पार्टी कव्जा गरियो ।

नेता सदस्यहरुका मन कव्जा गर्न सकेन । जसरी–तसरी आफ्नो पद कव्जा गरियो । पद अनुसार काम गर्न सकेन ।

जसरीतसरी कमिटी कव्जा गर्नेहरुको हालत पनि त्यस्तै छन् । कार्यकर्ता र जनताको मन कव्जा गर्न सकेन भने चुनाव पनि जितिदैन । अनि आफूले आफूलाई शंका भयो, म यो देशको संविधान सभाको लागि योग्य छैन कि ? हुन त हिजोको संविधान सभाले जनतालाई नयाँ संविधान दिन सकेन । जनताको बाच्न पाउने अधिकार, पढन पाउने, लेख्न पाउने, कमाउन पाउने, मानव अधिकार, बाल अधिकार, युवा अधिकार, जेष्ठ नागरिक अधिकार, महिला अधिकार जस्ता थुप्रै अधिकारहरु अन्तरिम संविधानमा नै झुन्डिरहे । त्यसलाई सुरक्षित अवतरण गर्न सकेको छैन ।

संघियतामा एकमत छैन, समावेशी र आदिवासी जनजाती, भाषिक, लैगिक अधिकारहरु सुरक्षित छैन । त्यसैले पनि यसपालीको निर्वाचनमा नेताहरुले सोचेजस्तो सहज छैन । कुन ठाउँमा कुन नेतालाई कस्तो प्रश्न गर्ने हो ठेगाना छैन । जनताको प्रश्नको जवाफ नदिदा कहाँबाट कसलाई लखेट्ने हो त्यो पनि थाहा छैन । त्यसैले पनि उम्मेदवार हुने मात्र ठूलो कुरा हैन, जनताको प्रश्नको जवाफलाई पोका पारी लानु पनि जरुरी होला ।

हुन त मसँग पनि बूटी छ, उम्मेवारको मापदण्डलाई बनाउने, त्यो के हो भने सबै दलका निर्वाचन क्षेत्रिय समिति वा कमिटीको अध्यक्ष भनौ वा प्रमुखहरुलाई प्रत्यक्षमा निर्वाचन लडाउने र केन्द्रीय नेताहरु, गन्यमान्यहरु समानुपातिकमा लाइन लाग्ने हो भने नेताहरु कहिले हार्दैन र पार्टीहरु पनि संचालन हुन्छन् ।

जो क्षेत्रिय नेता हुन्छ, ऊ नै पहिलो उम्मेदवार हुन्छ र उसले आफू जित्नको लागि पार्टी पनि बनाउँछ । नत्र 'काम गर्ने कालु, मकै खाने भालु' भनेजस्तै हुने हो भने क्षेत्र कसले बनाउँछ । पद पाएर चाल नपाएकाहरुबाट निर्वाचन कसरी जितिन्छ, कि कसो ?

**सुगर निको पार्ने**

अब सजिलै सुगर, युरिक एसिड, ग्याष्ट्रिक, पायल्स, नसाच्यापिएको, हड्डीखिएको, बाथ, ढाड–कम्मर तथा जोर्नीको दुखाई ग्यारेष्टी निको पार्ने हिमाली जडिबुटी साथै चाइनिज एक्युप्रेसर, एक्युलाइफ तथा जीम फिटनेस थेरापीद्वारा उपचार गरिन्छ ।

नोटः फोन गरेर मात्र आउनु होला

**फिट्नेस प्वाइन्ट ट्रेडिङ्ग**
नेपाल टेलिकम बाहिरीगाउँ, कीर्तिपुर–१७
फोन नं. ०१–४३३६७०१, ९८४१९८१९७६
यो विज्ञापन होइन, सत्य तथ्यमा आधारित छ ।

# किपुलिइ पंचदानया किपाः – आकर्षण प्रधान








DTC® को मोवाईल र सर्भिस सेन्टर
your voice, our passion
अब कीर्तिपुरमा
तपाईले सोचे भन्दा कम मूल्यमा DTC का smartphone
एक वर्ष warrenty को साथमा
GT 9
5" Touch Screen
1 GHz Dual Core Processor
Anroid 4.0.4
5MP Camera
3G/2G
Wifi
Dual Sim
2500mAh Battery
GT 7
4.3" Touch Screen
1 GHz Processor
Anroid 2.3.6
Gingerbread
5MP Camera
3G/2G
Wifi
Dual Sim
2500mAh Battery
GT 6
2 MP Rear Camera
1 GHz Processor
Anroid
Gingerbread
GSM/EDGE
3G/2G
Wifi
Dual Sim
Colour Display
GB3
GE5
Free Flip Cover on any
Samartphone of DTC
सीम कार्ड सित्तैमा
MOBILE MARKET 'N' KLINIC
LOKTANTRIC CHOWK
PHONE NO. 9851152393, 9843307412